# <u>प्रेस विज्ञप्ती</u>

## मानननीय अर्थमन्त्री र अन्तर्राष्ट्रिय वित्त निगम (IFC) का एशिया तथा प्रशान्त क्षेत्रका क्षेत्रीय उपाध्यक्ष बीच शिष्टाचार भेट

माननीय अर्थमन्त्री डा. युवराज खतिवडासँग अन्तर्राष्ट्रिय वित्त निगम (IFC) का एशिया तथा प्रशान्त क्षेत्रका क्षेत्रीय उपाध्यक्ष श्री नेना स्टोलिकोभिकले शिष्टाचार भेट गर्नुभयो ।

सो अवसरमा माननीय अर्थमन्त्रीज्यूले एशिया तथा प्रशान्त क्षेत्रका क्षेत्रीय उपाध्यक्षलाई स्वागत गर्दै नेपालको निजी क्षेत्रको विकास र विस्तार प्रयासमाविश्व बैंक समूहको अन्तर्राष्ट्रिय वित्त निगमको निरन्तर सहयोगका लागि धन्यवाद व्यक्त गर्नुभयो ।

भेटका क्रममा एशिया तथा प्रशान्त क्षेत्रका क्षेत्रीय उपाध्यक्षले नेपाल अन्तर्राष्ट्रिय वित्त निगमका लागि सन् २००८ देखि प्राथमिकता प्राप्त मुलुकको रुपमा स्थापित रहेको र नेपालको जलविद्युत, पूर्वाधारक्षेत्र, पर्यटन र वित्तीय बजारको लगानी प्रबर्द्धनमा नेपालको निजी क्षेत्रसंग नजिकबाट सहकार्य गरिरहेकोजानकारी गराउनुभयो ।सो का अतिरिक्त नेपालको विकासमा महत्वपूर्ण योगदान गर्ने जस्तै कृषि व्यवसाय, यातायात, वित्त व्यापार, साना व्यवसाय तथा निजीइक्विटी र भेन्चर फण्ड जस्ता अन्य विविध क्षेत्र लगायत नेपालमा व्यवसाय संचालन गर्न अनुकुल वातावरण श्रृजना गर्नमा अन्तर्राष्ट्रिय वित्त निगमले सक्रिय योगदान गरिरहेको बताउनुभयो ।

सोही क्रममा एशिया तथा प्रशान्त क्षेत्रका क्षेत्रीय उपाध्यक्षले विभिन्न देश र क्षेत्रहरुको प्रतिनिधित्व गर्ने विश्व बैंकका १२ जना प्रभावशाली कार्यकारी निर्देशकहरुले एकैपटक गत महिना नेपालको भ्रमण गरेको प्रसंग उठाउँदै नेपाल भ्रमणको क्रममा माननीय मन्त्रीज्यूले प्रस्तुत गर्नुभएको नेपालको दीर्घकालीन सोच, गन्तव्य,विकास प्रयास लगायत विभिन्न जिज्ञासाहरुको सम्बोधनबाट वहाँहरु अन्त्यन्त प्रभावित भएको र सो भ्रमणको अनुभव विश्व बैंकको बोर्डका सबै सदस्य तथा उच्च पदस्थ कर्मचारीहरुलाई जानकारी गराउँदै आतिथ्यता तथा सहयोगका लागि नेपाल सरकारलाई धन्यवाद दिन भनेको समेत जानकारी गराउनु भयो । ती भ्रमण लगायत नेपालले आयोजना गरेका विभिन्न राष्ट्रिय क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सभा सम्मेलनको सफलता, नेपालको अतुलनीय प्राकृतिक मनमोहक दृष्य परिदृष्य र नेपाल सरकार र नेपाली जनताको व्यवहारबाट मोहित भै यस पटक अन्तर्राष्ट्रिय वित्त निगमको आन्तरिक बैठक नेपालमा आयोजना गर्ने निर्णय सहित विश्वभर काम गर्ने उच्च पदस्थ कर्मचारीहरुको समूह लिइ नेपाल आएको जानकारी गराउनुभयो ।

छलफलका क्रममा नेपालको जलविद्युत विकासमा कोशेढुङ्गा साबित हुने तथा स्वदेशी तथा विदेशी निजी क्षेत्रको संयुक्त प्रयासमा निर्माण तथा संचालन हुने नेपालको सबैभन्दा ठूलो आयोजनाको रुपमा रहेको माथिल्लो त्रिशुली १ को वित्तीय प्रवन्धका लागि अन्तर्राष्ट्रिय वित्त निगमको नेतृत्वमा करिब ४५ करोड ३० लाख अमेरिकी डलर बराबर शेयर तथा ऋण लगानी जुटाउने सहमतिमा पुग्न विभिन्न व्यवधानका बावजुद नेपाल सरकारले प्रदान गरेको सहयोगका लागि एशिया तथा प्रशान्त क्षेत्रका क्षेत्रीय उपाध्यक्षले धन्यवाद दिनुभयो । प्रत्युत्तरमा माननीय अर्थमन्त्रीले सो सहमति जुटाउन अन्तर्राष्ट्रिय वित्त निगमले गरेको निरन्तर प्रयास र संयोजनका लागि धन्यवाद दिनुभयो ।

सोही क्रममा निजी क्षेत्रबाट हुनसक्ने लगानीका विभिन्न अवसरहरुबारे चर्चा गर्दै माननीय अर्थमन्त्रीले परिवर्तित सन्दर्भमा जलविद्युत विकासमा प्रतिस्पर्धात्मक क्षमता बढाउने, गुणस्तर कायम गर्ने र लगानीकर्ता,व्यवसायी, उपभोक्ता र नेपाल सरकार समेतलाई फाईदा हुने गरी आयोजना विकास गर्नुपर्ने आवश्यकता प्रति ध्यान आकर्षित गर्नुभयो । नेपाली रुपियामा अफसोर बण्ड जारी गर्न अन्तर्राष्ट्रिय वित्त निगमलाई अनुमति दिने प्रकृया अन्तिम चरणमा पुगेको र नेपालको विकासमा निजी क्षेत्रको भूमिका थप प्रबर्द्धन गर्न तथा व्यावसायिक वातावरणमा सहजता ल्याउन अन्तर्राष्ट्रिय वित्त निगमको भूमिका समेत प्रभावकारी हुने बताउँदै थप योगदानका लागि माननीय अर्थमन्त्रीले आव्हान गर्नुभयो ।

सो भेटमा अन्तर्राष्ट्रिय वित्त निगमकानेपाल समेत हेर्ने क्षेत्रीय निर्देशक, नेपालका निमित्त कन्ट्रि म्यानेजर लगायत अन्य पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

**२०७६।०८।१७**

**अर्थ मन्त्रालय, सिंहदरबार।**